# भिमाद नगरपालिका
**BHIMAD MUNICIPALITY**
## नगर कार्यपालिकाको कार्यालय
**OFFICE OF THE MUNICIPAL EXECUTIVE**
भिमाद, तनहुँ
**Bhimad, Tanahun**
२०७३/2073

गण्डकी प्रदेश, नेपाल
**Gandaki Province, Nepal**


प.सं./Ref No.:- २०८०/०८१

च.नं./Des No.:-

**स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा २७ को उपदफा (१) वमोजिम तह वृद्धि गर्ने सम्वन्धी सूचना ।**

सूचना नं. २-२०८०/०८१ (तहवृद्धि)

सूचना प्रकाशन मितिः २०८१/०३/१९

प्रस्तुत विषयमा गण्डकी प्रदेशवाट जारी स्थानीय सेवा (गठन तथा संचालन) ऐन, २०७९ को दफा २७ मा तह वृद्धि सम्वन्धी व्यवस्था वमोजिम सोही दफाको उपदफा (१) अनुसार तह वृद्धि हुन योग्य यस कार्यालय र अन्तर्गत कार्यरत इच्छुक कर्मचारीहरुले देहायका आवश्यक कागजातहरु सहित तह वृद्धिको लागि मिति २०८१ साल असार ३१ गते भित्र स्थानीय सेवा (गठन तथा संचालन) नियमावली, २०८० को अनुसूचि १५ वमोजिमको ढाँचामा २ प्रति आवेदन फाराम नेपाली कागजमा भरी पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । म्याद नाघी प्राप्त हुन आएका, अपुरो विवरण भरी पेश भएका र उल्लेखित ऐन तथा नियमावली वमोजिम तोकिएका आवश्यक कागजातहरु संलग्न नभएका आवेदन माथि कारबाही नगरिने र तहवृद्धिको प्रकृयामा समावेश नगरिने व्यहोरा समेत जानकारी गराइन्छ ।

<u>ऐनको दफा २७ को उपदफा (१) वमोजिम हुने तह वृद्धिको लागि आवश्यक कागजातहरुः</u>

१. पछिल्लो ५ वर्षको कार्यसम्पादन मूल्यांकन फारम,
२. शुरु स्थायी नियुक्तिको पत्र, तह वृद्धि हुने पद भन्दा एक तह मूनिको पद वा श्रेणीको स्थायी नियुक्ति र सो को लागि आवश्यक शैक्षिक योग्यताको प्रमाण पत्र,
३. समायोजन पत्र र अद्यावधिक PIS विवरण,
४. शुरु देखि हालसम्मको सेवा प्रमाणित हुने कागजातहरु ।

पुनश्चः उल्लेखित ऐनको दफा ३१ वमोजिम तहवृद्धिको लागि सम्भाव्य उम्मेदवार हुन अयोग्य नभएको र दफा ४२ वमोजिम नकारात्मक सूचिमा नरहेको हुनुपर्नेछ ।

मोहन प्रसाद मरासिनी
प्रमुख प्रशासकीय अधिकृत

मोहन प्रसाद मरासिनी
प्रमुख प्रशासकीय अधिकृत